# राइनास नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुले पालना गर्नु पर्ने "लैङ्गिक हिंसा निवारण आचार संहिता, २०८२"

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित लैङ्गिक भेदभावविना समान बंशीय हक, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य सम्बन्धी हक साथै राज्यका सबै तह निकायमा समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्न सामानुपातिक समावेशी सिध्दान्तको आधारमा सहभागी हुने हक लगायतका मौलिक हकको प्रत्याभूति गरेको छ।

नेपालको संविधानको प्रचलित कानून तथा अन्तराष्ट्रिय सन्धि सम्झौता, प्रतिबद्धा तथा मान्यताहरुलाई मध्यनजर गर्दै स्थानीय सरकारको काम कारवाहीलाई अझ सुदृढ, परिमार्जित र परिस्कृत बनाउन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ बमोजिम राइनास नगरपालिका नगरकार्यपालिकाको मिति २०८२/०२/१३ को बैठकबाट यो आचारसंहिता स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** १.१ यस आचारसंहिताको नामः राइनास नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुले पालना गर्नु पर्ने "लैङ्गिक हिंसा निवारण आचार संहिता, २०८२" रहनेछ ।

१.२ यो आचारसंहिता कार्यपालिकाबाट स्वीकृत मितिबाट प्रारम्भ हुनेछ ।

## परिच्छेद -२
## आचार संहिताका सिद्धान्तहरु

यस आचारसहिंताका सिद्धान्तहरु निम्न अनुसार रहेको छ ।

२.१ लैङ्गिक समानताको प्रतिको प्रतिबद्धता

२.२ सामाजिक न्याय समावेशीकरण

२.३ विविधता प्रतिको प्रतिबद्धता

२.४ साझेदारी र सहभागिता

२.५ स्वतन्त्रता र स्वायतत्ता

२.६ अधिकारमुखी अवधारण

२.७ निष्पक्षता र तटस्थता

२.८ समयको पालना

२.९ गुणस्तर र एकरुपता

२.१० ईमान्दारीता, गोपनीयता र सदाचारिता

२.११ निष्ठा, अनुशासन र नैतिकता

## परिच्छेद-३

## परिभाषा

३.१ आचरण (आचार) भन्नाले जनप्रतनिधि एवं कर्मचारीहरुले पालना गर्नुपर्ने व्यवहार, वानी, व्यहोरा, हेराइ, बोली, चालचलन वा चरित्रलाई सम्झनु पर्दछ ।

३.२ जनप्रतिनिधिः भन्नाले राइनास नगरपालिका भित्रका निर्वाचित वा कार्यपालिकाबाट मनोनित प्रतिनिधिहरुलाई सम्झनुपर्नेछ ।

३.३ कर्मचारी भन्नाले राइनास नगरपालिका कार्यालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई सम्झनुपर्नेछ ।

## परिच्छेद-४

## लैंङ्गिक हिंसा निवारण आचार संहिता

राइनास नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुले पालना गर्नु पर्ने "लैङ्गिक हिंसा निवारण आचार संहिता निम्न अनुसार रहेको छ ।

४.१ कार्यालय तथा कार्यालय स्थलमा लैङ्गिक हिंसा हुने किसिमको कुनै काम र व्यवहार नगर्ने

४.२ कार्यालयमा जनप्रतिनिधि, कर्मचारीले काम गर्दा, सेवाप्रवाह गर्दा वा सेवा ग्राहीले सेवा ग्रहण गर्दा लैंङ्गिक हिंसा हुने वातावरण सिर्जना नगर्ने नगराउने ।

४.३ कार्यालयले लैंगिक हिंसा हुन नदिन सजगता/ संवेदनशीलता अपनाउनु पर्ने ।

४.४ लैङ्गिक हिंसा विरुद्ध सचेतीकरणका कार्यक्रमहरु संचालन गर्ने ।

४.५ कार्यालय वा कार्यस्थलमा लैगिक हिंसा हुन नदिन सेवाग्राही, कर्मचारी र व्यवस्थापन वीच निरन्तर सम्पर्क, सम्बाद र छलफल हुने व्यवस्था गर्ने ।

४.६ लैंङ्गिक हिंसा विरुद्ध जनचेतना जगाउन विद्यालय र समुदायमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

४.७ आयआर्जन, सीप, क्षमता र वृत्ति विकासका क्रियाकलापहरु सञ्चालन गर्ने र यस्ता कियाकलापहरु सञ्चालन गर्दा महिला कर्मचारी वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सहभागिता अभिवृद्धि गर्न सहुलियत वा प्रोत्साहन दिने ।

४.८ कार्यालय वा कार्यस्थलमा लेख्दा, बोल्दा र व्यवहार गर्दा लैंङ्गिक संबेदनशीलता र शिष्ट्राचारमा विचार गर्ने।

४.९ अपाङ्ग, महिला र पुरुषका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गर्ने ।

४.१० कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन गर्ने ।

४.११ लैङ्गिक असंवेदनशील/अपमानजनक शब्दको प्रयोग गर्न नहुने ।

४.१२ लैङ्गिक विभेदपूर्ण शब्दको प्रयोग र विभेदपूर्ण व्यवहार नगर्ने।

४.१३ लिङ्गका आधारमा कोहि कसैलाई लक्षित गरेर अस्वाभाविक तथा अभद्र व्यवहारहरु नगर्ने,

४.१४ महिला तथा बालबालिका प्रति सम्मानित र सकारात्मक व्यवहार गर्ने।

४.१५ लैङ्गिक विभेदपूर्ण तवरबाट हिंसाजन्य व्यवहार तथा दुव्र्यवहार नगर्ने र गर्न नदिने ।

४.१६ महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई पीडादायक बोलीबचन र व्यवहार नगर्ने
४.१७ जैविक लिङ्गका कारण महिलाको महिनावारी, गर्भवती, प्रसुती र स्तनपानलाई सहज बनाउने गरी व्यवहार र संरचना निर्माण गर्ने ।
४.१८ आ—आफ्नो जिम्मेवारी इमान्दारिता पूर्वक पुरा गर्ने र सेवा दिदा वा लिदा लैङ्गिक विभेद नगर्ने ।
४.१९ सबैमा सम्मान, सद्भाव र सहयोगी व्यबहार गर्ने।
४.२० कार्यालयमा कसैले लैङ्गिक हिंसा वा दुर्व्यवहार गरेमा सम्बन्धित जिम्मेवार अधिकारी/व्यक्तिलाई जानकारी गराउने ।
४.२१ कार्यस्थलको वातावरण स्वस्थ्य, सुरक्षित, पारदर्शि र लैङ्गिक हिंसाको स्थिति उत्पन्न नहुने व्यवस्था गर्ने ।
४.२२ लैङ्गिक दुर्व्यबहार सामाजिक रुपमा अमानवीय र कानूनी रुपले दण्डनीय भएकोले त्यस तर्फ सबैले अनुशासित रहने ।
४.२३ लैङ्गिक सम्मान/सद्भाव कायम गर्नु प्रत्येक नागरिकको कर्तव्य हो भन्ने भावना अनुसारको कर्तव्य पालना गर्ने ।
४.२४ कार्यालयमा कुनैपनि प्रकारको लैङ्गिक हिंसा भएमा प्रचलित कानून बमोजिम कार्यबाही गर्ने साथै लैंगिक हिंसा गर्ने जो कोही उपर कारबाही गर्ने गराउने ।

## परिच्छेद -५
## अनुगमन तथा मूल्यांकन

यो आचार संहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिका पदाधिकारीबाट गरिनेछ ।
५.१ नगर प्रमुखको हकमा नगरसभाबाट
५.२ नगर उप प्रमुखको हकमा नगर कार्यपालिकाबाट
५.३ कार्यालय प्रमुखको हकमा नगर प्रमुख वा नगर उपप्रमुखबाट
५.४ कार्यालयका कर्मचारीहरुको हकमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट ।

## परिच्छेद -६
## विविधः

६.१ यो आचार संहिता स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र पालिकाको कार्यविधि तथा निर्देशिकाहरुको सहयोगी तथा पुरकको रुपमा रहनेछ ।
६.२ नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीहरुबाट यस आचार संहिता पालना भए नभएको मूल्याङ्कन गरी पालना नभएको पाइएमा सम्बन्धित पक्षलाई पहिलो चरणमा ध्यानाकर्षण गराइनेछ । अन्यथा प्रचलित कानून बमोजिम हुनेछ ।

६.३ यो आचार संहिता सरोकारवालाहरुको जानाकारीको लागि वेवसाइडमा राख्रे साथै कार्यालयहरुमा सबैले देख्रे ठाउँमा टाँस गरिनेछ ।

६.४ यो आचारसंहिताको संशोधन,खारेज र व्याख्या अधिकार नगरकार्यपालिकामा रहनेछ ।